जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

प्र.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक ४१ २०७८ साल असार १३ गते आइतवार (27 June 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- विवाह गर्नको लागि पुरुष र महिलाको उमेर बीस वर्ष पूरा भएको हुनु पर्ने,
- दर्ता विवाह (Court Marriage) जिल्ला अदालतबाट हुने,
- एकासगोलका पति पत्नीले आफ्नो सम्पत्ति, आम्दानी तथा हैसियत अनुरुप आपसी सहमतिको आधारमा घर व्यवहार चलाउनु पर्ने,
- छोरा छोरीले आमा बाबुको आज्ञा, आदेशको पालना गर्नु पर्ने,
- छोरा छोरी उपरको कर्तव्य र जिम्मेवारी आमा बाबुको बराबरी हुने,
- अंशवण्डा गर्दा गर्भको शिशुलाई समेत अंश छुट्याउनु पर्ने,
- स्याहार गर्नेले अपुताली पाउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : कोरोनाः प्रमुख घटनाक्रलाई ... पृष्ठ ३ मा : मेलम्ची विपदको कारण ... पृष्ठ ४ मा : किन बढिरहेको छ ... पृष्ठ ५ मा : कोभिडका कारण ज्यान ...

# २०४७ को संविधानलाई ब्युताउने प्रयत्न भइरहेको छ : जसपा अध्यक्ष यादव




**राजविराज**/जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले प्रधानमन्त्री केपी शर्मा ओलीप्रति सशक्त प्रतिकार आवश्यक रहेको बताएका छन् ।

शनिबार राजविराजमा गजेन्द्रनारायण सिंह अस्पताललाई स्वास्थ्य उपकरण हस्तान्तरण कार्यक्रममा बोल्दै उनले देशलाई प्रतिगमनतर्फ लैजान खोजेको भन्दै प्रधानमन्त्री बिरुद्ध सशक्त प्रतिकार आवश्यक रहेको बताएका हुन् ।

प्रधानमन्त्रीले संविधान मिचेर काम गर्दै आउनु र जनताका प्रतिनिधिको सर्वोच्च संस्था संसदलाई दुखई पटक भंग गरेका कारण उनी प्रतिगमनका मतियार साबित भएको बताए । उनले २०४७ को संविधानलाई ब्युताउने प्रयत्न समेत प्रधानमन्त्रीबाट सुरु भएको आरोप पनि लगाए ।

पुर्वउपप्रधानमन्त्री समेत रहेका यादवले प्रतिगमनको प्रयासलाई असफल नबनाएसम्म आफुहरुले बनाएको दलीय गठबन्धन कायमै रहने समेत जानकारी दिदै प्रतिगमनकारी कदम पराजित नभएसम्म विश्राम नलिने उदघोष पनि गरे ।

संघीय लोकतान्त्रिक गणतन्त्रलाई समाप्त पार्ने काम नै प्रतिगमनकारी कार्य रहेको जिकिरका साथ यादवले अहिले संघीयतालाई कमजोर पार्ने, संसदलाई समाप्त पार्ने काम त्यसकै लागि भईरहेको स्पष्ट पारे ।

कार्यक्रममा ९ थान अक्सिजन कन्सन्ट्रेटर, ७० कार्टुन एन नाईन्टिन मास्क लगायतका सामग्री अस्पताललाई हस्तान्तरण गरिएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट रञ्जितकुमार झाले जानकारी दिए ।

# बैंकिङ कसुर मुद्दाका फरार अभियुक्त पक्राउ

**राजविराज**/सप्तरी प्रहरी र अदालतको टोलीले बैंकिङ कसुर मुद्दाका फरार अभियुक्तलाई पक्राउ गरेको छ ।

सात लाख रूपैयाँ जरिवाना र दश दिन कैद हुने ठहरपश्चात फरार रहेका सप्तरीको शम्भुनाथ नगरपालिका १२ अर्नाहा बस्ने युसुफलाई पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ ।


सोही ठाउँका हमिदको जाहेरीले आरोपितमाथिको बैंकिङ्ग कसुर ठहर गर्दै उच्च अदालत जनकपुरले गत चैत १९ गते दश दिन कैद र सात लाख रूपैंया जरिवाना हुने फैसला गरेको थियो ।

प्रहरी टोलीले गाउँघरमै लुकीछुपी बसिरहेको अवस्थामा पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिबाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिबाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिबाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सम्पादकीय

# ध्वनी प्रदूषण रोकिएन

अदालतले जिल्ला प्रशासनसहित बिभिन्न सरकारी निकायको नाममा निर्देशनरुपी फैसला सुनाएको चार बर्ष बितेपनि यो फैसलाप्रति निकायहरुको ध्यान पुग्न सकेको छैन् । अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडि नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर टाँग्ने र ध्वनी प्रदूषण गर्ने क्रम जारी रहेको छ । एक दशकअघि प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि मुख्य चोकहरुमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन् । चाहे राजनीतिको नाममा होस् या धार्मिक अथवा अन्य कुनै नाममा किननहोस् ध्वनी प्रदूषण गर्ने काम जारी रहेको छ ।

ध्वनी प्रदूषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मोवाइलमा कुरा गर्न समेत समस्या दिइरहेको परिप्रेक्ष्यमा पनि निकायहरुले ध्यान नदिनु जनताप्रति बेइमानी गर्नु हो । जनताको पसिनाबाट आएको रकमले आफ्नो र आफ्नो परिवारको गुजारा चलाउँदै आएका राज्यका सेवकहरुलाई यसप्रत ध्यान दिनु नितान्त जरुरी देखिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाः प्रमुख घटनाक्रलाई फर्किएर हेर्दा

**डा उज्वल न्यौपाने**



करिब डेढ वर्ष अघि चीनको वुहान प्रान्तबाट देखा परेको नोभेल कोरोना भाइरसले हालसम्ममा विश्वव्यापी महामारीको रुप लिई १७ करोड भन्दा बढी संक्रमित तथा ३५ लाख भन्दा बढीको ज्यान लिइसकेको छ । यस अन्तरालमा कैयौं वैज्ञानिकहरुद्वारा खोजमुलक अध्ययन अनुसन्धानहरु भइसकेका छन् र कोरोनाविरुद्धको लडाईंमा अनेक उपलब्धीहरु भएका छन् । यहाँहरु माझ आज म यो लेख मार्फत हालसम्म भएका प्रमुख घटनाक्रमहरु तथा उपलब्धीहरुको चर्चा गर्नेछु ।

२०१९ डिसेम्बर ३१: चीनले हुबेइ प्रान्तको वुहानमा कैयौं निमोनियाहरु रहेको विश्व स्वास्थ्य संगठनलाई जानकारी गरायो ।

२०२० जनवरी ५: विश्व स्वास्थ्य संगठनले नयाँ भाइरस बारे खबर प्रकाशित गर्‍यो ।

जनवरी १०:विश्व स्वास्थ्य संगठनले नयाँ भाइरसको जाँच गर्न र उपचार सम्बन्धि जानकारी सार्वजनिक गर्‍यो ।

जनवरी १२: चीनले नोभेल कोराना भाइरस २०१९ को बारे जानकारी सार्वजनिक गरायो ।

जनवरी १३: चीन बाहिर पहिलो संक्रमण थाइल्याण्डमा देखियो। साथै एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण सर्ने बारेमा जानकारी प्राप्त भयो ।

जनवरी २३-२४: चीनमा संक्रमित ४१ जनाको जानकारी सार्वजनिक भयो। साथै नेपालमा समेत पहिलो संक्रमण देखा पर्‍यो ।

जनवरी ३०: सार्स-कोभि-२ संक्रमण विश्वव्यापी सार्वजनिक भए संगै स्वास्थ आपतकालिन अवस्थाको घोषणा भयो ।

फेब्रुअरी ११: सार्स-कोभि-२ ले लाग्ने रोगको नाम कोभिड-१९ राखियो । साथै यसै महिनामा विश्व स्वास्थ संगठनले यस रोगसँग लड्न रणनीतिक उपायहरु जारी गर्‍यो ।

मार्चः मार्च ११ मा कोभिड-१९ लाई विश्वव्यापी महामारीको घोषणा गरियो । मार्च १६ मा पहिलो खोपको प्रयोगशाला परीक्षण थालनी गरियो । साथै मार्चमा भारतबाट कैयौं व्यक्तिहरु नेपाल भित्रिए र राजधारी छोड्ने मानिसहरुको संख्यामा पनि उल्लेख्य वृद्धि भयो । उता इटालीको मिलानमा कैयौंमा सुँघ्ने र स्वाद लिने शक्ति गुम्ने नयाँ लक्षण देखा पर्‍यो । यो संगै भाइरस घरपालुवा तथा अन्य जनावरमा पनि गुणा हुँदै जाने तथ्य फेला पर्‍यो। मार्च २३ मा नेपालमा दोस्रो संक्रमण देखियो र मार्च २४ मा देशब्यापी लकडाउनको घोषणा भयो ।

अप्रिलः अप्रिल २ मा संक्रमितको संख्या १० लाख नाघ्यो । अप्रिल ६ मा बिदेशबाट भित्रीएका थप छ जनामा संक्रमण देखियो साथै स्थानीय रुपमा सरेको पहिलो संक्रमण पनि भेटियो ।

मेइः मेइ ५ मा फाइजर र बायोनटेकले पनि खोपको प्रयोगशाला परिक्षण थालनी गर्‍यो । जटिल कोरोना संक्रमितमा रक्तनली सम्बन्धि समस्याहरु देखा परेको जानकारी प्राप्त भयो। मेइ १४ मा नेपालमा कोरोनाले पहिलो ज्यान लियो ।

जुनःकोभिड-१९ सम्बन्धित बहु प्रणालीअसर गर्ने रोग युके, इटली, स्पेन र अमेरिकामा बच्चाहरुमा देखियो । जटिल कोभिडमा डेक्सामेथासोनको प्रभावकारीता देखिएको पुष्टि भयो। जुन २८ मा संक्रमित १ करोड नाघ्यो ।

जुलाई अगष्टः कोरोना संक्रमितमा एन्टीबडिले महिनौं काम गर्ने तथ्य सार्वजनिक भयो । अमेरिकामा अस्पतालमा भर्ना बिरामीलाई प्लाज्मा थेरापीको लागि स्वीकृत प्राप्त भयो । हङकङमा पहिलो पुनसंक्रमण फेला पर्‍यो ।

सेप्टेम्बर, अक्टोबरः विभिन्न संस्थाहरुको खोप परिक्षण चलिरहेको जानकारी प्राप्त भयो । एस्ट्रजोनेका र अक्सफोर्ड विश्वबिद्यालयको खोपको परिक्षणमा संलग्न एक जना संक्रमितको कोरोना सम्बन्धि जटिलताका कारण मृत्यु भयो, तथापी परिक्षण भने जारी राख्ने घोषणा भयो। भारतिय भेरियन्ट बि.१. ६१७ को पुष्टि भयो ।

नेभेम्बरः फाइजर/बाायोन्टेक खोपको प्रभावकारीता ९० प्रतिशत भन्दा बढी रहेको जानकारी सार्वजनिक भयो । साथै मोडर्नाले पनि एम.रा.यन.ए खोपको प्रभावकारीता ९४ प्रतिशत रहेको जानकारी गरायो ।

डिसेम्बरः फाइजर/बायोन्टेक, मोडर्ना र एष्ट्राजोनेकाको खोपहरुको युके, युएस, युरोप तथा अन्य क्षेत्रमा प्रयोगको लागि स्वीकृत प्राप्त भयो । साथै कोरोना भाइरसको म्युटेशन भेरियन्टहरु जस्तै युके बि. १.१.७ जसको संक्रमण क्षमता बढी रहेको र दक्षिण अफ्रिका बि.१.३५१ भेरियन्ट जसले खोपको प्रभावकारीता घटाउने भेरियन्टको खबरहरु प्राप्त भयो ।


जनवरी २०२१: फाइजर खोप युके भेरियन्ट विरुद्ध प्रभावकारी रहेको तथ्य पुष्टि भयो । भारतमा एष्ट्राजेनेका खोपको प्रयोगका लागि स्वीकृत प्राप्त भयो ।

फेब्रुअरीः दक्षिण अफ्रिका भेरियन्टमा एष्ट्राजोनेका खोपको प्रभावकारीता नदेखिएकाले प्रयोग बन्द गरियो ।

मार्चः जापानमा हुने ओलम्पिकमा अन्तराष्ट्रिय दर्शकको आगमन प्रतिबन्ध गरियो । विश्वभर हालसम्ममा १० करोड व्यक्ति कोरोना मुक्त भएको जोन्स हकिन्स विश्वबिद्यलयले दाबी गर्‍यो । आइभरमेक्टिनको प्रयोग प्रभावकारी नभएको विश्वस्वास्थ संगठनको दावी ।

अप्रिलः भारतमा कोरोना संक्रमितहरुको संख्यामा भारी अन्तरले बृद्धि भयो । भारतमा कोरोना संक्रमितमा केही मधुमेहका रोगीमा घातक ब्ल्याक फङ्गस को संक्रमण देखियो जसको मृत्यु दर ५०

*बाँकी पाँच पृष्ठमा*




## तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# मेलम्ची विपदको कारण र असरको खोजी

**जगत देउजा**

असार महिनाको पहिलो दिनको साँझदेखि मेलम्ची र इन्द्रावती नदीमा आएको बाढी २ गते मध्यरातिबाट केही मत्थर भए पनि स्थानीयमा थप संकटको भय उत्तिकै छ । बाढीले नदी वरपरका कैयन ठाउँको धरातलीयस्वरुप नै परिवर्तन गरेको छ । दर्जन बढीले ज्यान गुमाएका छन् । करिब ३ सय परिवार घरवारविहीन भएका छन् । नदीले वहाव क्षेत्र बढाउँदै लगेको कारण यो संख्या अझै थपिने अनुमान छ ।

हजारौंले पुरै वा आंशिक रुपमा खेत गुमाएका छन् । नदीको दायाँ-बायाँका लगभग सबै फाँटहरु लेदो र ढुंगाले पुरिएका छन् । बालीनाली, पशु चौपाया, व्यापार व्यवसायमा पुगेको नोक्सानीको हिसाव गरी साध्य छैन ।

स्थानीय पाकाहरुका अनुसार यस्तो बाढी उनीहरुले यसअघि कहिल्यै देखेका वा सुनेका छैनन् । भूकम्पले समेत सबैभन्दा बढी प्रभावित यस क्षेत्रमा अर्को अकल्पनीय विपत्ति थपिएको छ । पुरानो र यस क्षेत्रकै मौलिक चिनारी बनेका मेलम्ची र चनौटे बजार अब उही स्वरुपमा देख्न कठिन छ ।

नदी आसपासका अरु कैंयन साना-ठूला वस्ती पनि नराम्ररी प्रभावित छन् । दशकौंको प्रयासपछि बनेका मोटर पुलहरु छिनभरमै भत्किएका छन् । केही छिटपुट बाहेक सबै झोलुंगे पुल पनि बाढीले बगाएको छ । कैंयन सामुदायिक संरचनामा असर पुगेको छ । तालामाराङ, ग्याल्थुम आदि स्थानका विद्यालयहरु बाँकी रहने, नरहने टुंगो छैन ।

हेलम्बु क्षेत्रको तल्लो भेगमा ट्राउट माछा पालन राम्रो व्यवसायको रुपमा विस्तार भइरहेको थियो । यहाँको उत्पादन काठमाडौं बाहिरका शहरमा पनि पुग्न थालेको थियो । सबै माछा फार्महरू बाढीले सखाप पारिदिएको छ । ती व्यवसाय तुरुन्तै शुरु गर्न सकिने स्थिति छैन ।

नदीको दुवैतिरका खेतहरू मुख्य खाद्य उत्पादनको क्षेत्र थियो । यसको उत्पादनले यस भेगका बसोवासीलाई खान पुग्ने अन्न उत्पादन हुने गर्दथ्यो । बाढीले हजारौं रोपनी खेत नष्ट गरिदिएको छ । पोटाउन लागेको धानखेतमा पुरै लेदो, ढुंगाले भरिएको छ । कतै नामोनिसान नहुने गरी रेटिएको छ । यसकारण, सयौं परिवार भूमिहीन हुन पुगेका छन् । बाँकी रहेका खेतका पनि सबै कुलाहरु मासिएका छन् । यसले हजारौंको जिविकामा संकट थपेको छ । यसले आगामी दिनमा भोकमरी र गरिवी बढाउने निश्चित छ ।

यो बाढीले सडक र मोटर पुलमा पुगेको क्षतिले यस क्षेत्रको यातायात सेवामा आगामी केही वर्ष कठिनाई थपिनेछ । धेरै झोलुंगे पुलसमेत नष्ट भएकाले आवात-जावत कठिन हुने नै भयो ।

नदी आसपासका नागरिकहरु बाढी आउने समयमा खाना खाने तरखरमा थिए । एक्कासी बाढीको डरलाग्दो आवाज आएसँगै खाना नखाइकन उनीहरु घरबाट भाग्नुपर्यो । असाध्यै लेदो र ढुंगाहरु बाढीले साथमा ल्याएको थियो । त्यसैमा ठोक्किएर हुनुपर्छ, नदी आसपास मात्र हैन, निकै माथिको गाउँसम्म भुँईचालोले हल्लाएजस्तै घरहरु हल्लाएको थियो ।

असार २ गते बुधबारको दृश्य निकै ठिटलाग्दो थियो । ठाउँ-ठाउँमा मानिसहरु जम्मा भएर खोलाको बहाव अब कता जाला, के होला भनेर हेरिरहेका थिए । आफन्त, घर खेत र व्यवसाय गुमाउनेहरुको रुवावासी थियो । नदीमा जुन किसिमको लेदो आएको थियो, त्यसलाई हेरेर कतै ज्वालामुखी फुटेको हो कि ? पहिरो मात्रले यस्तो बाढी आएको कसैले विश्वास गर्न सकिरहेका थिएनन् ।

विस्थापितलाई अस्थायी आवास र खाद्यान्नको सहायता पहिलो आवश्यकता हो । सुरक्षाकर्मी र स्वयमसेवी परिचालन गरेर बाढी आउने क्रम निरन्तर रहेको र भर्खर वर्षात् शुरु भएको हुँदा नदी आसपास क्षेत्रका नागरिकलाई थप सजगता अपनाउन निरन्तर सूचित गर्न आवश्यक छ । मेलम्ची बजारभन्दा केही माथि सडक अवरुद्ध भएका कारण त्यहाँ सबै नेता, सहयोगी, सुरक्षाकर्मीहरु कमै मात्र पुगे ।

जुन समयमा बाढी आयो, सोही समयबाट विद्युत गयो । तल्लो तटीय क्षेत्रमा ठूलो पानी परेको थिएन । विद्युत गएको केही समयपछि नेपाल टेलिकमको फोन सेवा पनि अवरुद्ध भयो । यी सेवाहरु शिघ्र सूचारु गरिनुपर्दछ । विद्युत नभएपछि रेडियो, टेलिभिजन, इन्टरनेट सबै सेवा अवरुद्ध हुन पुगे । केही थाहा नपाएपछि अधाधुन्धको स्थिति बन्यो ।

यस बाढीले पुर्याएको नोक्सानीको गहिरो अध्ययन र अभिलेख गरिनुपर्दछ । घरवारविहीन भएकालाई सुरक्षित स्थानमा घडेरी र आवासको व्यवस्था गर्नुपर्दछ । बाढीका कारण खेत गुमाएकाहरुको यर्थाथ लगत तयार गरी निश्चित अवधिका लागि खाद्यान्न र क्षतिपूर्ति उपलव्ध गराउनुपर्छ । व्यवसाय गुमाएकालाई पुनः व्यवसाय सञ्चालनका लागि क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।

यो अकल्पनीय विपत्तिले ल्याएका दुःखहरुको अवश्य चर्चा गरिनुपर्छ । तर, यतिले पुग्दैन । यो विपत्तीको वैज्ञानिक कारणको खोजी र सोको सम्बोधनका लागि अधिकतम प्रयास आवश्यक छ ।

पहिरो गएको भनिएको क्षेत्र हेरेर फर्केका व्यक्तिहरुले खिचेको भिडियो र उनीहरुले विभिन्न सञ्चार माध्यममा बोलेका कुराबाट मेलम्चीको शीरमा पहिरो आई नदी थुनिएको र एक्कासी खोलिँदा बाढी आएको बताइएको छ । संयोग कस्तो पर्यो भने काठमाडौं पठाइएको पानी बन्द गरेकै दिन घटना हुन पुगेकाले कतै सुरुङमा भरिएको पानी फर्केर आएको होकि भन्ने आशंका गर्नेहरु पनि छन् । तर, पानी जाने ढोका नै बन्द गरिएको अवस्थामा पानी फर्केर आउने सम्भावना नहुनु पर्ने हो ।

यद्दपि सुरुङमार्ग बनाउँदा गरिएको बिस्फोटनले त्यस क्षेत्रमा पहिरोको जोखिम बढाएको भनाइलाई नकार्न सकिँदैन । जथाभावी खनिएका बाटाहरुका कारण पनि पहिलो भेलले धेरै माटो बगाएर ल्यायो र यसले पनि क्षतीलाई बढायो ।

सिपाघाटदेखी बाहुनेपाटी क्षेत्रका ऋसरले नदीलाई गहिर्याउँदै लगेका कारण माथिल्लो क्षेत्रमा क्रमशः असर पुग्दै गरेको र यसले पहिरोको खतरा निम्त्याउने आँकलन नभएको होइन । नदीको प्राकृतिक बहावमा यसले नराम्रो असर गरेकै थियो । यस विपत्तीको कारणहरुको अध्ययन गरी यथार्थ तथ्य बाहिर ल्याउन आवश्यक छ ।

तत्कालीन राहत र अस्थायी आवासका लागि स्थानीय समुदाय र सरकार आफैं सक्षम छन् । बाहिरी सहयोगी मनहरुले सहयोग गर्ने हो भने स्थानीय सरकारमार्फत मात्र सहयोग गर्नु पर्दछ । जथाभावी राहत सहयोगले विवादहरु बढाउने स्थिति आउनु राम्रो हुँदैन ।

विषय मेलम्ची प्रलयको मात्र हैन । सिन्धुपाल्चोक जिल्ला विभिन्न प्रकोपबाट वर्षेनी नराम्ररी प्रभावित हुँदै आएको छ । केही अघिको जुरे र गत वर्षको लिदी पहिरोको त्रासदी हामी सबैलाई ताजा छ । यसै कारण सरकारले गत वर्ष विपद् संकटग्रस्त जिल्ला घोषणा पनि गरेको थियो । तर, त्यसपछि सिन्धुपाल्चोक जिल्लालाई विपदमा कमी ल्याउन के कस्ता सचेत प्रयास भए ? सबैले थाहा पाउन आवश्यक छ ।

कुनै विपद आएपछि केही राहतका सामाग्री लिएर सञ्चार माध्यममा छाएर केही गरेको सस्तो लोकप्रियतामा रमाउने भन्दा प्रकोपका कारणहरुको खोजी गर्न विज्ञ, नीति निर्माता र जनप्रतिनिधिहरुसहितको एक गम्भीर परामर्श र दीर्घकालीन समाधानको बाटो तय गर्नु जरुरी छ ।

हाल सञ्चालित सबै ऋसर बन्द गर्नुपर्छ । गिटी र बालुवा प्राकृतिक रुपमा मेशिन नलगाई जति मात्रामा प्रयोग गर्न मिल्ने हो, सोही मात्रामा मात्र उपयोग गर्नुपर्दछ ।

मेलम्चीको मुहान क्षेत्रमा आएको पहिरोका कारण अब मेलम्चीको स्रोत घट्न गई पानी घट्न सक्छ । केही वर्ष पहिलेदेखि नै हिउँदमा मेलम्ची धेरै घटिसकेको छ । महंगा विज्ञ र परामर्शदाता आयोजनामा राखिए पनि आयोजनाले कहिल्यै पनि खानेपानीको इन्टेकभन्दा न तल, न माथि, कुनै पनि वातावरणीय र जलाधार संरक्षणको काम गरेको छैन । अब फेरि यांग्री र लार्केको पानी लैजाने योजना सरकारको रहेको छ । अब फेरि सुरङ खनेर सबै पहाडलाई नै असर गर्ने गरी पानी लाने योजनाबारे पुनर्विचार हुन आवश्यक छ । व्यवस्थापन राम्रो गर्ने हो भने मेलम्चीको पानी नै काफी हुन सक्छ । स्काभेटर लगायत जथाभावी बाटो खन्ने कार्य पूर्णतया रोकिनुपर्दछ । र अब थप जलविद्युत आयोजनाहरु पनि बन्न दिनुहुँदैन ।

पुरै जिल्लाको भूउपयोगको व्यवस्थित योजना बनाई आवासीय क्षेत्रमा मात्र बसोबास गर्न दिनु पर्दछ ।

सिन्धुपाल्चोकमा भइरहेको प्राकृतिक विपत्तिको कारणको विषयमा सरकारी तवरबाट नै ठोस अध्ययनको खाँचो छ । यस अध्ययनका आधारमा सबै राजनीतिक दल र निकायहरु एकै ठाउँमा आएर विप्दको खास कारणलाई सम्बोधन हुने गरी दीर्घकालीन नीति र योजनाहरुमा सहमति बनाउन आवश्यक छ ।

वर्षातको शुरुमै ठूलो क्षति व्यहोरेका कारण मध्य वर्षामा के हुने हो ? स्थानीयहरु त्रसित छन् । त्यसका विषयमा पनि आजैबाट सावधानी आवश्यक छ । यी सबै विपदहरुसँग जुधेर सिन्धुपाल्चोकलाई फेरि उठाउने संकल्प र सावधानीपूर्ण सामुहिक प्रयासबारे सबैले सोचौं । (देउजा भूमि आयोगका विज्ञ हुन्) रातोपाटीबाट



# किन बढिरहेको छ मानिस-बाघको द्वन्द्व ?





**शरद अधिकारी**

बाघको आक्रमणबाट जीवन गुमाउने सबैप्रति श्रद्धाञ्जलि ।

निगुरो टिप्न जाँदा बर्दिया, मधुवा नगरपालिका-५, नौ नम्बर गाउँकी ६६ वर्षीया नन्दकला थापा क्षेत्रीको बाघले ज्यान लियो । गत जेठ १७ गते सोमबार बेलुकी क्षेत्रीलाई नेपाल-भारत सीमावर्ती जंगलमा बाघले आक्रमण गरेको थियो । क्षेत्रीको घटनास्थलमै मृत्यु भएको थियो भने निगुरो टिप्न गएका अरू दस महिलाले भागेर ज्यान बचाएका थिए ।

२०७७ चैत २२ गते आइतबार । वन तथा वातावरण मन्त्रालयका पदाधिकारीसहित हामी बर्दिया राष्ट्रिय निकुञ्जमा थियौं । निकुञ्ज र मध्यवर्ति क्षेत्रमा बाघको आक्रमण धेरै भएको र त्यसलाई कसरी कम गर्न सकिन्छ भनेर हामीबीच लामो छलफल चल्यो । त्यही दिन साँझ नेपालगञ्जबाट काठमाडौं उडान भर्न ठिक्क परेको हाम्रो भ्रमण दलले बाघ आक्रमणको अर्को अत्यासलाग्दो घटना सुन्नुपर्‍यो ।

निकुञ्जमा कार्यरत हात्तीका पछुवा पुलिसराम थारूलाई बाघले आक्रमण गर्‍यो । राष्ट्रिय गैंडा गणना कार्यक्रममा सहभागी भइरहेको अवस्थामा थारूलाई बाघले आक्रमण गर्दा उनले ज्यान गुमाए ।

त्यस्तै कैलालीकी ५० वर्षीया नन्दकली थापाको बाघसँग द्वन्द्व गर्दागर्दै मृत्यु भयो । छोरासँग मोटरसाइकलमा बर्दिया राष्ट्रिय निकुञ्जको आमबासादेखि कर्णाली चिसापानी जाँदै गर्दा उनलाई बाघले आक्रमण गरेको थियो ।

बाघ आक्रमणबाट मानिसको मृत्युको सिलसिला यति मात्र होइन । बर्दिया राष्ट्रिय निकुञ्ज, मध्यवर्ति क्षेत्र र खाता जैविकमार्ग वरपर यो वर्ष सिलसिलाबद्ध मानिस-बाघ द्वन्द्वका केही गम्भीर घटना भए । यसबाट हामीले नराम्ररी मानव क्षति बेहोर्नुपर्‍यो ।

मानिस-बाघ द्वन्द्वको सबभन्दा प्रभावित जिल्ला बर्दिया हुन पुगेको छ । यति ठूलो संख्यामा बाघले मानिसलाई आक्रमण गरेको यसअघि कहिल्यै थिएन । यी सबै घटना कोरोना महामारीयता नै भएका हुन् । महामारी सुरू भएपछि मानिसहरूको बाहिरी काम बन्द भयो, निगुरो टिप्न या माछा मार्न जंगल पस्दा अधिकांश घटना भएको देखिन्छ ।

बाघले गत साउनयता एक दर्जनको ज्यान लियो । बर्दियामा मात्र ११ र कैलालीमा एक जनाको मृत्यु भएपछि मानिस र बाघ द्वन्द्वको विषय यतिबेला राष्ट्रिय बहसको विषय बनेको हो । हामी चाहन्छौं, यी नै अन्तिम घटना हुन् । आमनागरिकले सचेतना अपनाउनुपर्छ । जिम्मेवार निकायहरूले गम्भीरताका साथ विश्लेषण गरेर नयाँ रणनीति बनाउनु पर्ने बेला भएको छ ।

हाम्रो प्रकृतिको सुन्दर उपहार बाघ हेर्दा जति आकर्षक छ, त्यति नै हिंस्रक । त्यसैले केही समययता मानिस-बाघ द्वन्द्वको क्रममा बाघप्रतिको रिसइवीको कारण बाघ आक्रमण गर्ने र मार्ने घटना पनि सार्वजनिक भए । यसप्रति पनि हाम्रो चिन्ता छ ।

बाँकेको गोकुल सामुदायिक वनमा गत जेठ २ गते दस वर्षको वयस्क भाले पाटे बाघ मृत फेला पर्‍यो । त्यो क्षेत्रमा घरपालुवा जनावर खान पल्केर आउने बाघको स्वाभाव थाहा पाएका स्थानीयले आक्रमणबाट आफू र अरू जनावर जोगाउन जनावरमा विष मिसाइदिएको अनुमान छ । बाघ धेरैअगाडि मरेकाले त्यसबारे जिम्मेवार संस्थालाई यकिन गर्न गाह्रो भएको छ ।





सिलसिलाबद्ध मानव-बाघ द्वन्द्व बढिरहेका बेला जिम्मेवार निकाय सबैलाई यो द्वन्द्वको तत्काल समाधान गर्नु पर्ने जिम्मेवारी महसुस भइरहेको छ । बाघ लगायत वन्यजन्तु संरक्षण क्षेत्रमा झन्डै चार दशकदेखि काम गर्दै आएको राष्ट्रिय प्रकृति संरक्षण कोषले बाघलगायत वन्यजन्तु संरक्षण र अनुसन्धान आफ्ना प्रमुख काममध्ये एक महत्वपूर्ण ठान्छ ।

कोषको कार्यकारी प्रमुखका हैसियतले कोषले त्यसरी नै काम गरिरहेको जानकारी गराउँछु । साथै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई बाघ लगायत वन्यजन्तुको अनुसन्धानमा कोषले सघाउँदै आएको छ । देशभर बाघ पाइने क्षेत्रमा सयौं क्यामरा राखेर एकातिर बाघको 'मनिटरिङ' गरिँदैछ भने अर्कोतिर वन्यजन्तुका शिकारीको 'निगरानी' पनि भइरहेको छ ।

त्यसै सिलसिलामा राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया राष्ट्रिय निकुञ्ज, नेपाली सेना, देवीदत्त गण र नेपाल प्रहरीको संयुक्त प्रयासमा विभिन्न मितिमा बर्दियाको विभिन्न स्थानबाट मान्छे खान पल्केका चार बाघलाई नियन्त्रणमा लिइएको छ । त्यस्तै २०७७ चैत २२ गते निकुञ्जका कर्मचारी पुलिसराम थारूलाई मार्ने बाघलाई त्यसैदिन बेलुका समातियो । बाघलाई हाल कोषको व्यवस्थापनमा रहेको सदरचिडियाखानामा राखिएको छ । यो त भयो, अस्थायी व्यवस्थापन, अस्थायी समाधान ।

बाघले हाम्रो मानव जीवनमा नराम्ररी क्षति पुर्‍याइरहेकाले स्थायी समाधानतर्फ र गहिरो अध्ययन तथा समाधानका पाइला चाल्न जरूरी देखिएको छ ।

बाघ संरक्षणमा सरकारले उच्च प्रतिबद्धतासाथ काम गरिरहेको छ । सन् २०१० मा रूसको पिटसवर्गमा भएको विश्व बाघ सम्मेलनमा बाघ पाइने १३ मुलुकका प्रतिनिधि सहभागी थिए । सम्मेलनमा नेपालले सन् २०२२ सम्म आफ्नो देशमा बाघको संख्या दोब्बर (दुई सय पचास) पार्ने प्रतिबद्धता व्यक्त गरेको थियो । त्यतिबेला नेपालमा १ सय २१ वटा बाघ थिए । सरकारको संरक्षण अभियानकै कारण पछिल्ला दस वर्षमा नेपालमा एक सय ३५ भन्दा बढी बाघ थपिएका छन् ।

संख्या दोब्बर पार्न बाघलाई चाहिने बासस्थान र आहार पाइने क्षेत्र बढाउनुपर्ने थियो । त्यो भनेको बाघको आहारा प्रजाति बढाउने घना वन विकास गर्नु हो । सरकारले त्यसका लागि बाँकेमा नयाँ राष्ट्रिय निकुञ्ज स्थापना र पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रफल विस्तार गर्‍यो । बासस्थान र आहारासँगै बाघको अवैध शिकार र चोरी निकासी पनि रोक्नुपर्थ्यो । यसका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गत वन्यजन्तु अपराध नियन्त्रण ब्युरो बनाइयो । सरकारले राष्ट्रिय बाघ संरक्षण समिति बनाएर पनि काम गरिरहेको छ । यसरी एकातिर बासस्थान र आहारा थपियो, अर्कातिर चोरी-निकासी नियन्त्रण भएकाले नेपालले बाघको संख्या दोब्बर पार्ने लक्ष्य भेट्टाउन लागेको छ ।

सन् २०२१, नोभेम्बरबाट बाघ गणनाको औपचारिक काम सुरू हुँदैछ । सन् २०१८ को गणनाअनुसार नेपालमा पर्सा, चितवन, बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा गरी बाघ संख्या २ सय ३५ थियो । पछिल्ला तीन वर्षमा यो संख्या बढेको हुन सक्छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोषको पहलमा विगत दस वर्षदेखि निरन्तर अध्ययन, अनुसन्धान र निगरानी भइरहेको छ । सेना र प्रहरीले पनि प्रभावकारी काम गरिरहेका छन् । अझ नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोमार्फत वन्यजन्तुको अवैध व्यापार नियन्त्रणमा प्रभावकारी काम भइरहेको छ । यसमा राष्ट्रिय अनुसन्धान विभागको समेत सक्रियता प्रभावकारी छ ।

त्यसो भए बाघ संख्या बढेकै कारण मान्छे मार्ने सिलसिला बढेको हो त ?

पछिल्लो समय बाघ र मानिसबीच द्वन्द्व बढ्नुमा बाघको आपसी सम्बन्ध र मानिससँगको सम्बन्ध नै प्रमुख कारण हुन सक्ने विज्ञहरूको धारणा छ । नेपालमा पाइने पाटेबाघ जंगलको मुख्य शिकारी हो । तर बाघले सामान्य अवस्थामा मानिसलाई आक्रमण गरिहाल्दैन ।

हेर्दा निकै डरलाग्दो देखिए पनि बाघ प्राकृतिक हिसाबले निकै लजालु स्वभावको हुन्छ । मानिससँग सकभर सम्पर्कमा आउन चाहँदैन । टाढैबाट देखादेख भइहाले पनि लुक्ने बाघको प्राकृतिक स्वभाव हो । अहिले बाघ आफ्नो स्वभाव विपरित मानिसमाथि आक्रमण गरिरहेको छ । यसबारे वृहत अनुसन्धान हुनुपर्ने देखिन्छ । व्यवहारिक अनुसन्धानबाट मानिस-बाघ द्वन्द्वको निरूपण गर्नुपर्छ ।

हामी सबैलाई थाहा छ, बाघ जंगलमा आफ्नो क्षेत्र बनाएर बस्छ । सामान्य अवस्थामा एउटा पोथी बाघले २५-३० किलोमिटरमा आफ्नो क्षेत्र बनाउँछ भने भाले बाघको क्षेत्र ४० देखि १०० किलोमिटरसम्म हुन सक्छ । आफू अधिनस्थ क्षेत्र बनाउन पोथीभन्दा भाले बाघ निकै संवेदनशील र जुझारू हुन्छ ।

भाले बाघले आफ्नो क्षेत्रमा चार-पाँच वटासम्म पोथी बाघ राखेको अध्ययनहरूले देखाएका छन् । तर आफ्नो क्षेत्रमा अर्को भाले बाघ आएको सहनै सक्दैन । दिसा-पिसाब, गन्ध लगायत अन्य विभिन्न संकेतको माध्यमबाट बाघले आफ्नो क्षेत्र बनाएका हुन्छन् । अरू आएको पनि त्यही

*बाँकी पाँच पृष्ठमा*



डाक्नेश्वरी नगर कार्यपालिकाको कार्यालय सप्तरी

# कोभिडका कारण ज्यान गुमाएका ब्यक्तिको बालबालिकाको अध्ययनका लागि मासिक एक हजार सहयोग



**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाले कोभिडको कारण ज्यान गुमाएका ब्यक्तिको बालबालिकालाई प्राथमिक शिक्षा अध्ययनको लागि शैक्षिक सहयोग स्वरुप मासिक एक हजार रुपैया दिने भएको छ।

कोभिडको कारण मारमा परेका जनता तथा कृषकलाई फाइदा पुऱ्याउने उद्देश्यले विहिबार प्रस्तुत तिलाठी कोइलाडी गाउँपालिकाले आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट पाँचौं गाउँ सभामा सो सहयोग दिने जनाइएको छ।

गाउँपालिकाको आ.व.०७८/०७९ को कुल बजेट ४३ करोड १६ लाख ७७ हजार७ सय ५० रुपैयाँ ८० पैसाको बजेट प्रस्तुत गरेको छ। कुल बजेटको चालु तर्फ २५ करोड २० लाख ७७ हजार ७ सय ५० रुपैयाँ ८० पैसा र पूँजिगत तर्फ १७ करोड ९६ लाख रुपैयाँ रहेको छ। तिलाठी कोइलाडी गाउँपालिकाको कुल आन्तरिक आम्दानी ५० लाख रुपैयाँ प्रक्षेपण गरिएको गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले बताए।

कूल बजेटमा संघबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ १२ करोड १४ लाख र सशर्त अनुदानतर्फ १८ करोड ६९ लाख, राजस्व बाँडफाँडबाट ६ करोड ७९ लाख ७० हजार रुपैयाँ, पूँजीगततर्फ समपुरक अनुदान ३ करोड १३ लाख रुपैयाँ रहेको छ। यसैगरी प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानिकरणतर्फ ८२ लाख ४० हजार, राजस्व बाँडफाँडबाट ३० लाख १७ हजार ७ सय ५० रुपैयाँ ८० पैसा, विशेष अनुदानतर्फ ३० लाख र समपुरक अनुदानतर्फ २० लाख तथा युनिसेफबाट ३५ लाख ५० हजार रुपैयाँ प्राप्त हुने गाउँपालिकाका अध्यक्ष सिंहले बताए।

आयोजित गाउँ सभामा विद्यालय स्वास्थ्य पोषण कार्यक्रमलाई आधारभूत तहको विद्यालयबाटै कार्यान्वयन गरिने, माध्यमिक विद्यालयमा अध्ययनरत आइरन चक्की र जुकाको औषधि वितरण गर्ने गरिएकोमा आर्थिक बर्ष २०७८/०७९ देखि आधारभूत तहका विद्यालयमा अध्ययनरत १० देखि १९ बर्षका बालिकालाई समेत आइरन चक्की र जुकाको औषधि वितरण गरिने गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश कुमार झाले बताए।

त्यस्तै विद्यालयमा अध्ययनरत बालबालिकाको दाँत, मुख, नाक, कान तथा आँखाको परीक्षण गर्ने, सामुदायिक विद्यालयमा हाल कायम रहेको शिक्षकको अभाव पूर्तिका लागि आगामी आर्थिक वर्षमा स्वयंसेवक शिक्षक भर्ना गरी दरवन्दी कम भएका सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराउने, पूर्ण असक्त अपाङ्ग, असहाय, जेष्ठ नागरिकहरुको मासिक घरदैलो स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिइने कार्यक्रम अधिकृत झाले बताए।

यस्तै खेतीको लागि कृषि मिटर जडान गरेका कृषकहरुलाई बर्षभरिमा लाग्ने महसुलमध्ये बढीमा १ हजार एक सय रुपैयासम्म गाउँपालिकाले तिरिदिने, कोभिड १९ को कारण मारमा परेका जनतालाई सहुलियत दिन गाउँपालिका भरि घरायसी प्रयोजनको लागि जडान गरिएको ५ देखि ३० एम्पीयरसम्मको विद्युत मिटरबाट खपत हुने महसुलमध्ये विद्युत प्राधिकरणले निर्धारण गरेको न्युनतम महसुल गाउँपालिकाबाट ब्यहोरिने ब्यवस्था मिलाइएको छ।

कोभिड १९ को कारण प्रभावित कृषकलाई खेतीमा प्रोत्साहित गर्न धान, गहुँ, सर्सौं तथा मकै बालीको विऊमा पचास प्रतिशतसम्म अनुदान उपलब्ध गराइने, कोभिड ज्ञढ को संक्रमणको सम्भावित जोखिमलाई ध्यानमा राखी नेपाल सरकारले तोके बमोजिम क्वारेन्ढाईन तथा आइसोलेशनलाई सुविधा सम्पन्न बनाउन आवश्यक वजेट व्यवस्थापन गरिने भएको ५।

गाउँपालिकाको आठ वटै वडाहरुलाई आगामी आर्थिक बर्षको लागि वडा सिलिङ अन्तर्गत रु. ६० लाख तोकिएको छ। आर्थिक, सामाजिक, कृषि र पूर्वाधार : सुशासन र ब्यवहार परिवर्तन विकासको मूल आधारनारालाई आत्मसात गर्दै आ. ब. २०७८/०७९ माकोराना लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबा६ नागरिकलाई सुरक्षित राख्न र गु०ास्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको विस्तार, स्वास्थ्य पूर्वाधार निर्मा०ा तथा स्तरोन्नति र स्वस्थ जनशक्ति विकासमा जो८ दिने, कृषि क्षेत्रको विकासको लागि कृषि तथा पशुपालन क्षेत्रलाई समय सुहाउँदो प्रविधियुक्त, ब्यवसायिक तथा सामुहिक खेती, ब्यवसायिक पशुपालन, सिंचाई सुविधाको विकास गरी कृषिलाई ब्यवसायिकरण गर्ने, गु०ास्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्मा०ालाई पहिलो प्राथमिकतामा राख्ने तथा विपद् प्रभावित गाउँपालिकालाई विपद्को जोखिमबाट मुक्त गर्न कार्यक्रमहरु सञ्चालन गर्ने भनी प्राथमिकताको क्षेत्र तोकिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशव कुमार झाले बताउनुभयो।

विभिन्न विकास साझेदार संस्थाहरुसँगको सहकार्यमा समुदायको सहभागितामा विपन्न वस्तीहरुका शौचालय नभएका घरहरुमा हातधुने सुविधा सहितको शौचालय निर्माण अभियान सञ्चालन गरिने, पालिकामा रहेका सबै कार्यालयहरु, शिक्षण संस्थाहरु र स्वास्थ्य संस्थाहरुमा निर्धारित मापदण्ड अनुसार खानेपानी, सरसफाइ र स्वच्छताको सुनिश्चित गरिनुका साथै खानेपानी र सरसफाइ अन्तर्गत निर्माण हुने सबै प्रकारका संरचनाहरु बाल, लैगिंक, अपागं र वाताबरणमैत्री हुने सुनिश्चित गरिने उहाँले बताउनुभयो।

क्रिकेट खेलको विकासका लागि प्रशिक्षण शिविर सञ्चालन तथा गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगितालाई निरन्तरता दिइनेछ।

यसैगरी आर्थिक बर्ष २०७८/०७९ मा सबै वडा कार्यालय तथा कम्तिमा १० वटा विद्यालयमा चट्याङ प्रतिरोधी प्रणाली जडान गरिने, आर्थिक बर्ष २०७८/०७९ मा विपद् सिकाई केन्द्र र वेदर फोरकास्ट स्टेशन( मौसम पूर्वसूचना केन्द्र) स्थापना गरिने छ।

कर्मचारीहरुको पेशागत सुरक्षाका लागि कर्मचारी कल्याण कोष स्थापना गरिने र सो को कार्यान्वयनको लागि आवश्यक कार्यविधि बनाईने नीति लिइएको छ।

पाँचौं गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रम सर्वसम्मतले पारित भएको छ। गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा अध्यक्षहरु दिनेश्वर मिश्र, खगेन्द्र मण्डल, मनोज चौधरी, गोपी मण्डल, राजेन्द्र साह, गोविन यादव, गुलाबप्रसाद सिंह, लक्ष्मीप्रसाद मण्डल, सदस्यहरु मान्ती सदा, रफिद मन्सुरी, रामनारायण साह, शिवनारायण मण्डल, रामलखन यादव सहितकाले मन्तब्य ब्यक्त गरे।

यसैबीच तिलाठी कोइलाडी गाउँपालिकाको पाँचौं गाउँ सभाले आगामी आर्थिक बर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट पारित गर्दै शुक्रबार सम्पन्न भएको छ।




## किन बढिरहेको छ ...

माध्यमबाट थाहा पाउँछन्।

उनीहरू आफ्नो मुख्य क्षेत्रमा अरूलाई छिर्नै दिँदैनन्। नयाँ बाघलाई पुरानाले ठाउँ नदिएको वा धेरै बूढो भएपछि तन्नेरीले लखेटेको पनि हुन सक्छ। यस्तो बेला कमजोर बाघले घना जंगलभन्दा टाढा आहारा नपाउने क्षेत्रमा जानुपर्ने हुन्छ। हो, त्यही बेला आहारा खोजी क्रममा बाघले मान्छे आक्रमण गर्ने र घरपालुवा जनावरको शिकार गर्ने। यस्ता बाघ बस्ती नजिक आइपुग्ने र मानिसलाई देखे आक्रमण गर्न सक्छन्।

पछिल्लो अध्ययनबाट हाल ९६८ किलोमिटर क्षेत्रफलमा फैलिएको बर्दिया राष्ट्रिय निकुञ्जमा अहिले ८७ वटा बाघ छन् भन्ने देखिएको छ। अक्सर सबै बाघको क्यामरा ट्यापिङबाट निगरानी र अनुसन्धान भइरहेको छ। एउटा वयस्क बाघले एकपटकमा चालीस किलोसम्म मासु खान सक्छ। खान नसकेको मासु उसले पछिका लागि लुकाएर राख्छ।

बाघलाई मानव बस्ती वरपर मासु जोहो गर्न सजिलो हुँदैन। बाघको मनपर्ने आहारा मृग, जरायो, बँदेल, निलगाई, गौरीगाईजस्ता जनावर हुन्। बाघ संख्या बढेसँगै उसको आहारा मात्रा पनि बढिरहेको छ। यी जनावरको शिकार गर्न बाघले निकै समय र शक्ति खर्च गर्नुपर्छ।

बाघ-मानिस द्वन्द्व बढ्नुको अर्को प्रमुख कारण बाघको बासस्थानमै मानिस जानु हो। मान्छेलाई आक्रमण गर्नु बाघलाई सहज भएर र आफनो शिकार ठानेर पनि हुन सक्ने देखिन्छ। यही क्रममा मानिस खान पल्किँदै गएपछि उसले पटकपटक आक्रमण गरिरहेको देखिएको छ।

अर्को कुरा भाले बाघसँग झगडा परेको वा पोथी बाघसँग संसर्ग भइरहेका बेला मानिस नजिक परे बाघले आक्रमण गरेको हुन सक्छ। साथै पोथी बाघले नजिकै आएको मानिसबाट आफ्ना बच्चा असुरक्षित छन् भन्ने ठानेर पनि आक्रमण गर्ने गरेको अनुसन्धानबाट देखिएको छ। समग्रमा बाघ संख्या बढेसँगै मानिसमा संवेदनशीलता नभएकाले पनि घटना भएको देखिन्छ।

**बाघ-मान्छेबीच द्वन्द्व कसरी घटाउने ?**

प्रमुख कुरा के भने मानिसले बाघको बासस्थान र उसको क्षेत्रमा जानै भएन। बाघको संवेदनशीलता मानिसले बुझ्नैपर्छ। राष्ट्रिय निकुञ्ज र राष्ट्रिय प्रकृति संरक्षण कोषको अहिले ठाउँ-ठाउँमा क्यामरा राखेर बाघको आवतजावतबारे निगरानी गरिरहेका छन्। यसबारे बाघको आवातजावतबारे विस्तृतमा जानकारी प्राप्त भइरहेको छ।

बाघ देखिने ठाउँमा यहाँ नजानुहोला भनेर सूचना टाँस्ने काम भएको छ। तर नजानू भने पनि जुन जंगलमा बाघ बस्छन्, त्यहीँ गइदिने मानिसहरू पनि छन्।

जस्तो, बर्दियाको खाता जैविक मार्ग छेउको बस्तीका मानिस बाघकै बासस्थानमा आश्रित छन्। बाघको संवेदनशीलता बुझ्ने हो भने बर्दियाको खाता जैविक मार्गको निकट रहेको मानवबस्ती सार्न पहल गर्नुपर्ने हुन्छ।

मानिस-बाघ द्वन्द्व कम गर्न अर्को पनि काम गर्नु जरूरी छ- हाम्रा विकास पूर्वाधार वन्यजन्तुको प्राकृतिक रूपमा हुने आवतजावतमा असर नपर्ने गरी बनाउनुपर्छ। विदेशतिर जंगल क्षेत्रमा सडक बनाउनुपऱ्यो भने वन्यजन्तु ओहोरदोहोर हुने गरी करिडोर बनाइन्छ। हामी कहाँ पनि त्यसै गरे वन्यजन्तुको संरक्षण हुने देखिन्छ।

मानिसले जीविकोपार्जनका लागि जैविक क्षेत्रको भर पर्दा र बाघले पनि जीवनयापन क्रममा मानिसको आधार क्षेत्रमा प्रवेश गर्दा मानव-बाघ द्वन्द्व बढिरहेको देखिन्छ। मानिसको जीवन बचाउनै पर्नेछ। अर्कोतर्फ लोपोन्मुख बाघ संरक्षण गर्नु पनि हाम्रो कर्तव्य हो। मानव-बाघ द्वन्द्व कम गरी दुवैको संरक्षण हुने गरी प्रभावकारी कार्यक्रम ल्याउनु जरूरी छ। यसबाट मात्र मानव-बाघ दुवैको सहअस्तित्व कायम हुने देखिन्छ।

(लेखक अधिकारी राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव तथा बाघ संरक्षण समितिका सदस्य हुन्।) सेतोपाटीबाट

## कोरोनाः प्रमुख ...

प्रतिशत भन्दा माथि रहेको छ। संक्रमितमा स्टेरोइड प्रयोगले गर्दा ब्ल्याक फङ्लसको संक्रमण भएको हुनसक्ने जानकारी प्राप्त भयो। नेपालमा कोरोना संक्रमितमा बृद्धि हुन थालेकोले काठमाडौ तथा नेपालगंजमा लकडाउन घोषणा भयो।

मेइः नेपालका अधिकांस जिल्लामा निशेधाज्ञा जारि गरियो। नेपालमा पनि ब्ल्याक फङ्गसको संक्रमण देखिएको स्वास्थ मन्त्रालयले जानकारी गरायो। बिश्वभर अधिकांश देशहरुमा खोपको प्रभावकारिताका कारण संक्रमणमा कमी आएको छ।

नेपालमा पनि सम्पुर्ण जनतालाई खोप उपलब्ध गराउन जरुरी देखिन्छ। निषेधाज्ञा कोरोना नियन्त्रणको लागि एक अस्थायी योजना मात्र हो र कोरोनालाई निर्मूल पार्ने मुख्य उपाय नै सबैलाई खोप लगाउनु हो। हामी सबैको मुख्य भूमिका बिश्व स्वास्थ संगठन तथा नेपाल सरकारद्वारा जारि गरिएका मापदण्ड तथा उपायहरु अपनाएर कोरोनाको संक्रमण दर वृद्धि हुन नदिनु नै हो।

आम जनसमुदायमाझ खोप नपुगन्जेल सम्म भौतिक दुरी कायम गरि मास्कको उचित तरिकाले प्रयोग गर्ने, सफासुग्घरमा ध्यान दिने, आफ्नो शरिरका अंगहरु अनाबश्यक रुपमा नचलाउने गरेमा रोग बृद्धि र मृत्युदरमा कमी ल्याउन सकिन्छ। साथै अहिलेको स्वास्थ सेवाहरुको कमी भएको बेलामा बिभिन्न श्रब्य दृष्य तथा छापाका संचार माद्यम लगायत सामाजिक सञ्जाल मार्फत कसरी स्वस्थ रहने भन्ने बारे जनचेतनामुलक लेख बिचार तथा सन्देशहरु बढि भन्दा बढि प्रकाशित गरि एक अर्कालाई जानकारी दिइ सहयोग गरेर हामी यस भयाबह महामारीबाट बाहिर निस्कन सक्छौं। (लेखक हेल्पिङ

# कृषि उपकरण बितरण



**राजविराज**/जिल्लामा उन्नत प्रविधी प्रयोग गरि उत्पादन बढाउने, श्रमिक समस्या न्यूनिकरण गर्दै लैजाने तथा यूवालाई कृषि क्षेत्रमा आकर्षित गराउने उद्देश्यले कृषि ज्ञान केन्द्र सप्तरीले शनिबारदेखी अनुदान सहयोगमा कृषि यन्त्र, औजार तथा उपकरण बितरण कार्य सुरु गरेको छ ।

कार्यालय प्राङ्गणमा आयोजित एक कार्यक्रम बीच जिल्लामा पहिलो चरणमा छनौट भएका किसानहरुलाई पावर टिलर, मिनि टिलर, मिनि रिफर, थ्रेसर, रोटाभेटर, रिपर, राइस प्लान्टर, कम्बाइन्ट हार्बेस्टर लगायतका कृषि उपकरण बितरण कार्यक्रम सुरु गरिएको हो ।

पहिलो चरणमा १ सय १४ किसानलाई उक्त उपकरण बितरण गरिने कार्यक्रम रहेको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले बताए । कृषकलाई यान्त्रिक र आधुनिकीकरण गर्नुका साथै कम लागतमा उत्पादन बृद्धि, श्रमिक समस्या समाधान तथा यूवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न यस्तो कार्यक्रम ल्याइएको उनको भनाई छ ।

यसरी बितरण गर्न लागिएको उपकरणमा कृषकलाई २० देखी ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराइएको उनले बताए ।

संघीय तथा प्रदेश सरकारमार्फत आर्थिक वर्ष २०७७/७८ को स्वीकृत कार्यक्रम र प्राप्त बजेटबाट १ करोड ५१ लाख कार्यालयको तर्फबाट तथा १ करोड २१ लाख २५ हजार कृषकको तर्फबाट उपकरण खरीदमा लगानी गरिएको सो कार्यालयले जनाएको छ ।

यता गाउँका यूवा विदेशिदा श्रमिकको अभाव तथा धेरै महिनेतमा कम उत्पादन हुँदा समस्यामा परेका किसान अनुदानमा कृषि उपकरण पाएपछि खुशी भएका छन् । किसान रामभजन यादवले श्रमिकको अभाव तथा गोरु पाल्ने र हलो गोरु कुदाउँदा पनि खासै प्रतिफल प्राप्त गर्न नसकिएको झन्झटबाट मुक्ति मिलेकोमा निकै खुशी लागेको सुनाए । यस्तै प्रसन्नता व्यक्त अर्का किसान देवनाथ यादवले पनि ।

जिल्लामा व्यवसायीक किसानहरुलाई प्रविधी मैत्री बनाउने, श्रमिक समस्या समाधान गर्ने, कम लागतमा उत्पादन वृद्धि गर्ने तथा युवाहरुलाई कृषि तर्फ आकसित गर्ने उदेश्यले ल्याइएको उक्त कार्यक्रम फलदायी भएको भन्दै कृषकहरुले यसलाई अझ व्यापक विस्तार गर्न अनुरोध गरेका छन ।

# ट्याङकरको ठक्करले दुई बालिकाको ज्यान गयो

**राजविराज**/सप्तरीमा शनिबार सडक दुर्घटना हुँदा दुई बालिकाको ज्यान गएको छ भने तीन जना घाइते भएका छन् ।

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका २ सीतापुर खण्डमा ना७प ५४९५ नम्बरको ट्याङकरले स२प ५२४५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलको पछाडी बसेकी रुपनी गाउँपालिका ३ कटैयाकी ८ वर्षीया यशोधाकुमारी प्रमाणीको घटनास्थलमै मृत्यु भएको हो ।

ठक्करबाट मृतक बालिकाकी आमा सुमनीदेवी र मामा कुसुमलाल घाइते भएका छन् । ठक्कर दिएर भागेको सोही ट्याङकरले दुई किलोमिटर अगाडी चाँदनी चौकमा स११प २५८५ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलको पछाडी सवार कंचनरुप नगरपालिका ६ की ७ बर्षिया सुमैया प्रविणको पनि घटनास्थलमै मृत्यु भएको छ ।

ठक्कर दिने ट्याङकर नियन्त्रणमा लिइएपनि चालक भने फरार भएको खोजि कार्य भइरहेको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले जानकारी दिए ।

घाइतेहरुको स्थानिय ठेलिया र युनिक अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# अवैध सुनसहित दुई युवक पक्राउ

**सिरहा**/सशस्त्र प्रहरीको टोलीले गए राति सिरहाको गोलबजारबाट स्रोत नखुलेको अवैध सुनसहित दुई युवकलाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बेसक्याम्प गोलबजारबाट खटिएको टोलीले २०० ग्राम अवैध सुनसहित सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिका ४ निवासी जीवछकुमार मण्डल र मोहम्मद साउद्दीन खानलाई पक्राउ गरेको हो ।

गस्तीमा खटिएको प्रहरीलाई देखेर झोला र मोटरसाइकल छाडेर भागेपछि पछयाउँदै दुवैलाई पक्राउ गरिएको सशस्त्र प्रहरी बेसक्याम्प गोलबजारका सशस्त्र प्रहरी निरीक्षक श्यामबाबु यादवले जानकारी दिनुभयो । पक्राउ परेको सुनसहित दुवैजनालाई आवश्यक कारवाहीका लागि जिल्ला भन्सार कार्यालय माडरमा बुझाइने प्रहरीले जनाएको छ ।


# गुडिरहेको टिपरमा आगलागी


**सिरहा**/पूर्व पशिचम राजमार्गअन्तर्गत सिरहाको कर्जन्हा नगरपालिका१० प्रयागपुरमा गुडिरहेको टिपरमा बुधबार बिहान आफैं आगलागी हुँदा जलेर नष्ट भएको छ।

इँटा लोड गरी पशिचमबाट पूर्वतर्फ जाँदै गरेको ना१क ५५५१ नंको टिपरमा अचानक आफैं आगलागी भएको प्रहरीले जनाएको छ । गुड्दै गरेको टिपरमा अचानक आगलागी भएपछि चालकले हामफालेर ज्यान जोगाएको स्थानीयवासीले बताएका छन् ।

समयमा आगो निभाउन नसक्दा टिप्पर पूर्ण रूपमा नष्ट भएको प्रहरीले जनाएको छ ।

यता घटनाबारे थप अनुसन्धानको कार्य भइरहेको इलाका प्रहरी कार्यालय मिर्चैयाले जनाएको छ ।




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
HBL Himalayan Bank Ltd.
BATAS
CG Money
CHAUDHARY GROUP

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*